परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३६३ पृष्ठ ४ २०८२ कार्तिक १ गते, शनिबार 18 October, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




प्रहरी दिवसमा उत्कृष्ट

## प्रहरी र सहिद परिवार सम्मानित




नवीन चौधरी

जिल्ला प्रहरी कार्यालय महोत्तरीले आज विशेष कार्यक्रम आयोजना गरी ७०औँ प्रहरी दिवस धुमधामका साथ मनाएको छ।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसालले देश र जनताको सुरक्षामा समर्पित सम्पूर्ण प्रहरीहरूलाई शुभकामना व्यक्त गर्दै इमानदार र जिम्मेवार ढंगले आफ्नो कर्तव्य निर्वाह गर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, “प्रहरी जनताको सुरक्षाको पहिलो पंक्तिमा खटिने राज्यको मुख्य सुरक्षा निकाय हो। प्रहरीको अनुशासन, इमान र निष्ठा नै संस्थाको पहिचान हो।”

कार्यक्रममा जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक हेरम्भ शर्माले देश र जनताको सुरक्षाका लागि नेपाल प्रहरी सधैं अग्रपंक्तिमा खटिएको उल्लेख गर्दै सहिद प्रहरीहरूको अमूल्य योगदानप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले भने, “अमर प्रहरीहरू हाम्रो गौरव हुन्, उनीहरूको सम्झनाले हामीलाई अझ जिम्मेवार बनाउँछ।”

प्रहरी दिवसको अवसरमा उत्कृष्ट कार्यका लागि प्रहरी नायब उपरीक्षक सैलेन्द्र भट, प्रहरी निरीक्षक अशोक झा, नन्दकिशोर चौहानसहित दर्जनौं प्रहरीलाई प्रशंसा पत्र प्रदान गरी सम्मान गरिएको थियो।

त्यसैगरी, देशका लागि ज्यान आहुति दिने अमर प्रहरीका परिवारलाई दोसल्ला र सम्मानपत्र प्रदान गरिएको थियो। कार्यक्रममा विगतमा सेवा पुऱ्याएका पूर्व प्रहरीहरूलाई पनि सम्मान गरी संगठनप्रतिको यो गदानको कदर गरिएको थियो। कार्यक्रममा विभिन्न संघ-संस्थाका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, सुरक्षाकर्मी र सञ्चारकर्मीहरूको उपस्थितिमा सम्पन्न भएको थियो। जिल्ला प्रहरी कार्यालय महोत्तरीले प्रहरी दिवसलाई समुदायसँगको सहकार्य र विश्वास बलियो बनाउन अवसरका रूपमा लिने प्रतिबद्धता जनाएको छ।

## धानखेतमा जीवित नवजात शिशु फेला

टक नेपाल



महोत्तरीको जलेश्वर नगरपालिका-४ स्थित धान खेतमा एक जीवित नवजात शिशु फेला परेको छ।

बिहीबार भार्गेश्वर पोखरी नजिकको धानखेतमा करिब १५/१६ दिनको पुरुष शिशु भेटिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) शैलेन्द्र भट्टले जनाउनुभयो।

शिशुले हल्का निलो रङको लुगा लगाएको र गुलाफी रङको कपडामा बेरिएको अवस्थामा भेटिएका थिए। स्थानीयवासी घाँस काट्न जाँदा खेतमा शिशु देखेपछि तत्काल प्रहरीलाई खबर गरेका थिए।

प्रहरी टोलीले शिशुलाई उद्धार गरी स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाएको छ। अस्पतालका अनुसार शिशु पूर्ण रूपमा स्वस्थ र सुरक्षित अवस्थामा छन्। शिशु कसले र किन छाडेको भन्ने विषयमा अनुसन्धान अगाडि बढाएको डिएसपी भट्टले जनाउनुभयो।




डेंगु (Dengue)

डेंगु भनेको भाईरस ईन्फेक्सन हो । यो एडिज जातको पोथी लामखुट्टेको टोकाईबाट मानिसमा सर्ने रोग हो । एडिज लामखुट्टे भनेको एक प्रजातिको लामखुट्टे हो जुन प्राय: भण्डारण गरेर राखेको सफा पानीमा बस्छ र यसले प्राय: दिनमा टोक्ने गर्छ । यो लामखुट्टेले सफा पानी जमेको स-साना स्थानमा फुल पार्ने गर्दछ । खासगरी वर्षाको पानी जम्ने टिनका डब्बाहरु, रंगका खाली डब्बा, थोत्रा वा पुराना टायर, अलकत्रा वा खाली ड्रमहरु, फुलदानी, गमला, कुलर, पानी ट्याङ्की आदीमा यसले फुल पार्दछ । वर्षात्को महिनासँगै जताततै पानी जम्न थालेपछि यो रोगको प्रकोप हुने गरेको पाइन्छ ।



डेंगु संक्रमण कसरी हुन्छ ?

यो रोग मानिसबाट मानिसमा सिधै सर्दैन । संक्रमित व्यक्तिलाई यदि कुनै लामखुट्टेले टोक्यो र त्यही लामखुट्टेले अन्य स्वास्थ्य व्यक्तिलाई टोक्यो भने डेंगु सर्छ ।



लक्षणहरु :

- उच्च ज्वरो आउनु, टाउको दुख्नु र पेट दुख्नु
- वाकवाकी लाग्नु, - आँखाको गेडी दुख्नु
- जीउ र जोर्नी दुख्नु, उच्च ज्वरो आएको ३/४ दिनपछी रातोरातो बिमिरा आउनु

बच्ने उपायहरु :

- पानी जम्ने भाँडा खाली गर्ने
- बट्टा, ड्रम र गाडीको टायर घरको वरिपरी नराख्ने
- पुरा बाहुला भएको वा शरीर ढाक्ने कपडा लगाउने
- सुत्दा झुल प्रयोग गर्ने
- शरीरमा लामखुट्टे भगाउने मलम लगाउने
- घरका झ्याल ढोकामा जाली लगाउने
- घर वरपर सफा सुग्घर राख्ने, खाल्डाखुल्डी पुर्ने

बर्दिवास नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### जेनजी विद्रोह

नेपालको राजनीति दशकौंदेखि संघर्ष र असफलताको चक्रभित्र छ। प्रजातन्त्रदेखि गणतन्त्रसम्मको यात्रा जनताको सुशासन र स्थायित्वको आशा थियो, तर ती सपना कहिल्यै पूरा भएनन्। यही निराशाबाट जन्मिएको हो–जेनजी विद्रोह। यो आकस्मिक प्रदर्शन होइन, पुराना दल र नेतासँगको कडा चेतावनी हो- “अब सच्चिने कि सक्किने?”

जेनजीले देखाएको सन्देश स्पष्ट छ- सत्ता जनसेवाको माध्यम हो, स्वार्थको मेच होइन। जनताको विश्वास गुमाएर नेतृत्व टिक्दैन। त्यसैले दल र नेताले जनताको हितलाई केन्द्रमा राख्दै राजनीति सच्च्याउनुपर्छ।

राज्यका निकायमा फैलिएको भ्रष्टाचार, चाकरीवाद र नातावादले प्रणाली कमजोर बनाएको छ। निर्वाचन प्रणाली सुधार, पारदर्शी शासन र योग्यता-आधारित पदोन्नतिबिना लोकतन्त्र बलियो हुँदैन।

सबैभन्दा महत्वपूर्ण कुरा, युवालाई आन्दोलनको इन्धन होइन, नीति निर्माणको शक्ति बनाउनुपर्छ। उनीहरूलाई नेतृत्वमा ल्याउनु नै नयाँ युगको सुरुवात हो।

जेनजीविद्रोहअन्तिमचेतावनीहो-सुधार नगर्ने हो भने पुराना दलहरूको अस्तित्व नै समाप्त हुनेछ। यही सन्देशलाई अवसरका रूपमा लिँदै जनताको पक्षमा राजनीति फर्काउन सके मात्र लोकतन्त्र स्थायित्व र समृद्धिको बाटोमा अगाडि बढ्नेछ।

## अपराजित नेपालको शानदार प्रदर्शन, आईसीसी टी–२० विश्वकप एसिया–प्यासिफिक छनोटको उपाधि हातमा



नेपालले अपराजित रहँदै आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया-प्यासिफिक छनोटको उपाधि जितेको छ। शुक्रबार भएको अन्तिम खेलमा सामोआलाई १२४ रनले पराजित गर्दै नेपालले समूह चरणदेखि सुपर सिक्ससम्मका सबै खेल जित्दै च्याम्पियन बनेको हो।

नेपालले दिएको २१२ रनको विशाल लक्ष्य पछ्याउँदै सामोआ २० ओभरमा ७ विकेट गुमाएर ८७ रनमै सीमित भयो। सामोआका सिन सोलियाले सर्वाधिक ४० रन बनाए। नेपालका ललित राजवंशीले ३ विकेट लिए भने करण केसी, सन्दीप लामिछाने र कप्तान रोहित पौडेलले समान १-१ विकेट लिए।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले आसिफ शेख र दीपेन्द्रसिंह ऐरीको अर्धशतक मद्दतमा २० ओभरमा ४ विकेट गुमाउँदै २११ रनको विशाल योगफल तयार पारेको थियो। आसिफले ४१ बलमा ७ चौका र ४ छक्कासहित ६९ रन बनाए भने दीपेन्द्रले २ चौका र ४ छक्कासहित ५३ रन जोडे।

लोकेश बमले ११ बलमा ३९ रनको विस्फोटक प्रदर्शन गर्दै फिनिसिङ गरेका थिए। कप्तान रोहित पौडेल २१ रनमा अविजित रहे भने कुशल भुर्तेलले १७ रन जोडे। सामोआका डानियल बर्गस, साउमानी ताइ, डारियस भिसर र नोआह मिडले समान १-१ विकेट लिए।

यो उपाधिसँगै नेपालले ११ वर्षपछि पहिलोपटक आईसीसीको प्रतियोगिता जितेको हो। सन् २०१४ मा नेपालले आईसीसी डिभिजन-४ को उपाधि जितेको थियो। त्यसयता नेपालले कुनै पनि आईसीसी प्रतियोगिता जित्न सकेको थिएन। सन् २०२३ मा विश्वकप छनोटको फाइनलमा नेपाल ओमानसँग सुपर ओभरमा पराजित भएको थियो।

समूह चरणमा नेपालले कुवेत र जापानलाई पराजित गर्दै सुपर सिक्समा प्रवेश गरेको थियो। सुपर सिक्समा नेपालले यूएईलाई १ रनले, कतारलाई ५ रनले र अन्तिम खेलमा ओमानलाई ३८ रनले पराजित गर्दै अपराजित रहँदै उपाधि हात पारेको हो।

यससँगै नेपालसहित यूएई र ओमानले आगामी वर्ष भारत र श्रीलंकामा संयुक्त रूपमा हुने आईसीसी टी-२० विश्वकपका लागि योग्यता प्राप्त गरेका छन्।

### सर्वोच्चको अन्तरिम आदेश

## जनस्वराज पार्टी दर्ता प्रक्रिया तत्काल रोक

● टक नेपाल



सर्वोच्च अदालतले निर्वाचन आयोगद्वारा जनस्वराज पार्टी (जस्वपा) दर्ता गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश तिल प्रसाद श्रेष्ठको एकल इजलासले शुक्रबार आदेश जारी गर्दै आयोगले २०८२ असोज २८ गते गरेको जनस्वराज पार्टी दर्ता सम्बन्धी निर्णयलाई अस्थायी रूपमा रोक लगाएको हो।

जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउतले आयोगको उक्त निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर गरेका थिए। राउतको तर्फबाट वरिष्ठ अधिवक्ता डा. मुक्ति नारायण प्रधान र डा. चन्द्रकान्त ज्ञवालीसहित अधिवक्ताहरू चुडामणी पोखरेल, विनोद शर्मा, शेरबहादुर रोकाया, भद्रप्रसाद नेपाल, डा. सुनिल रञ्जन सिंह, यज्ञमणि न्यौपाने, शिशिर कुमार यादव र राधिका चाम्लागाईंले बहस गरेका थिए।

सर्वोच्चले विपक्षी निर्वाचन आयोगलगायतका प्रतिवादीलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न निर्देशन दिएको छ। साथै दुबै पक्षबीच छलफलका लागि मिति २०८२ कार्तिक १७ गते सुनुवाइको दिन तोकिएको छ।

अदालतले छलफल टुंगिनु अघि सम्मका लागि निर्वाचन आयोगलाई जनस्वराज पार्टी दर्ता प्रक्रिया अघि नबढाउन आदेश दिएको हो।

अध्यक्ष राउतले जनमत पार्टी विभाजन गर्ने प्रयत्न गर्ने पक्ष - जसका नेतृत्वमा कारबाहीमा परेका तत्कालीन उपाध्यक्ष दीपक साह छन् - ले गरेको दल दर्ता प्रक्रिया अवैधानिक भएको दाबी गर्दै रिट दायर गरेका थिए।

यसअघि निर्वाचन आयोगले जनस्वराज पार्टी दर्ता गरी सनाखतका लागि समय तोकेको थियो। सो क्रममा जनमत पार्टीबाट मधेश प्रदेशका सांसद सतिशकुमार सिंह र त्रिभुवन साहले जनस्वराजमा सनाखत गरेका थिए। तर, सर्वोच्चको यो आदेशपछि उक्त सनाखत प्रक्रियासमेत स्थगित भएको छ।






# गठन हुनासाथ सङ्कटमा मधेस सरकार

● टक नेपाल

मधेस प्रदेश सरकार गठन हुनासाथ सङ्कटमा परेको छ। मधेस प्रदेश सभाका ६ दलको समर्थनमा लोसपा संसदीय दलका नेता जितेन्द्र सोनल मुख्यमन्त्री बनेका हुन् । उनले बिहीबार शपथ ग्रहण गर्दै जिम्मेवारी सम्हालेका छन् ।




५६ सांसदको समर्थनसहित मुख्यमन्त्रीमा दाबी गरे बमोजिम नियुक्त भएका सोनलले शपथ लिना साथ आफ्नो पक्षबाट तीन सांसद गुमाएका छन्, जसले गर्दा प्रदेश सभामा उनी नेतृत्वको सरकारलाई अल्पमतमा पारेको छ । यद्यपि सर्वोच्च अदालतले जनमत पार्टी विभाजनविरुद्ध परेको रिटमा अन्तरकालीन अन्तरिम आदेश जारी गर्दै यथास्थितमा राख्न आदेश दिएपछि अन्योल बढेको छ।

मुख्यमन्त्री सोनललाई आफ्नै दल लोसपा नेपालका ९, जनता समाजवादी पार्टीका १९, नेकपा माओवादी केन्द्रका ९, नेकपा एकीकृत समाजवादीका ७, जनमत पार्टीका १३ र नागरिक उन्मुक्ति पार्टीका १ सांसदसहित समर्थन थियो। यो समीकरण अनुसार १०७ सदस्यीय प्रदेश सभामा मुख्यमन्त्रीको पक्षमा ५८ सांसद देखिन्छन् ।

सरकार गठन हुनासाथ विकसित राजनीतिक घटनाक्रमले यो बहुमत अस्थिर बनेको हो। बुधबार मुख्यमन्त्रीमा दाबी पेस गर्ने क्रममा जनमत पार्टीका दुई सांसद निवर्तमान मुख्यमन्त्री सतिश कुमार सिंह र पूर्वमन्त्री त्रिभुवन साह नवगठित जनस्वराज पार्टीमा समाहित भए । त्यसैगरी बिहीबार मुख्यमन्त्रीको शपथ ग्रहणको दिन जसपा नेपालका सांसद तथा पूर्वमन्त्री सरोज सिंह कुशवाहा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेका कारण निलम्बनमा परे ।

यी घटनासँगै सत्ता गठबन्धनतिरको सांसद संख्या ५३ सांसदमा सीमित भएको छ, जुन प्रदेश सभामा अल्पमत हो । बहुमतका लागि प्रदेश सभामा कम्तीमा ५४ सांसदको समर्थन चाहिन्छ । यस कारण लोसपा नेतृत्वको सरकार हाल तरवारको धारमा अल्झिएको स्थितिमा पुगेको राजनीतिक विश्लेषक बताउँछन् ।

राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाका अनुसार मधेस प्रदेशमा हाल गठन भएको सरकार लामो समय टिक्ने सम्भावना कमजोर देखिन्छ । उनकै शब्दमा 'अहिलेको अवस्थालाई हेर्दा यो सरकारको आयु अब अधिकतम २८ दिन जतिमात्र देखिन्छ।'

संख्याबल सन्तुलनमा राख्न गठबन्धनका दलहरूले चनाखो रणनीति अपनाएनन् भने मुख्यमन्त्री सोनलले विश्वासको मत प्राप्त गर्न कठिन हुने डा. झाले प्रस्ट पारे । उनका अनुसार अहिले गठबन्धनमा सहभागी जनमत पार्टीका दुई सांसदमात्र होइन, अन्य सांसदले पनि जनस्वराज पार्टी रोज्न सक्ने सम्भावना उच्च छ।

डा. झाले थपे, 'त्यसका लागि जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफ्नो अहंकार त्यागेर सबैलाई पुनः एकत्रित गर्नुपर्ने अवस्था आएको छ।'

मुख्यमन्त्री जितेन्द्र सोनलले शपथ ग्रहणपछि सबैलाई एक ढिक्का बनाएर आफू अघि बढ्ने बताएका थिए । सोही प्रसङ्ग उल्लेख गर्दै झाले भने, 'अब मुख्यमन्त्रीले त्यो ढिक्काभित्र अरू दलका प्रतिनिधिहरूलाई पनि समेट्नुपर्छ, नत्र सरकार अस्थिर रहन्छ।'

मधेस सरकार स्थिर र बलियो हुने हो भने दीपक साह नेतृत्वको जनस्वराज पार्टीलाई पनि सरकारमा सहभागी गराउन आवश्यक रहेको डा. झाले बताए।

राजनीतिक विश्लेषक तथा वरिष्ठ पत्रकार श्यामसुन्दर शशी जितेन्द्र सोनल नेतृत्वको सरकारले विश्वासको मत प्राप्त गर्ने विश्वास व्यक्त गर्छन् । उनले वर्तमान परिस्थितिमा लोसपा गठबन्धनसँग ५३ सांसद रहे पनि प्रदेश सभामा रहेका साना दललाई समेटेर विश्वासको मत लिन सक्ने दाबी गरे।

प्रदेश सभामा राप्रपा (एक सिट) र संघीय समाजवादी पार्टी (एक सिट) रहेको जिकिर गर्दै उनले यी दललाई विश्वासमा लिन सके सरकार टिक्न कठिन नहुने प्रस्ट पारे।

मधेस प्रदेश सभामा हाल १० राजनीतिक दलले प्रतिनिधित्व गरेका छन् । तीमध्ये नेकपा एमाले (२३) र नेपाली कांग्रेस (२२) सिटका साथ क्रमशः पहिलो र दोस्रो ठुलो दल छन् । साना दलहरूको सहकार्यमा सरकार बनेका कारण यी दुवै दल प्रतिपक्षमा बस्ने भएका छन्।

नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलका नेता कृष्ण प्रसाद यादवले वर्तमान राजनीतिक परिप्रेक्ष्यमा कांग्रेसले प्रतिपक्षको भूमिकामा रहने निर्णय गरिसकेको बताए। उनले भने, 'हामीले प्रतिपक्षमा बस्ने निर्णय गरेका छौं । विश्वासको मतपछि आउने परिस्थितिलाई हेरेर आगामी रणनीति तय गर्नेछौं।'

यादवले वर्तमान सरकारका सन्दर्भमा आफूले थप टिप्पणी नगर्ने बताए । यद्यपि उनले सरकारलाई जनअपेक्षासँग मेल खाने गरी काम गर्न सुझाव दिए । उनले भने, 'अहिले यतिमात्र भन्न चाहन्छु, जनअपेक्षाको अनुकूल वर्तमान सरकारले काम गरोस् ।'

मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री जितेन्द्र सोनलले प्रदेशलाई समृद्धिको मार्गमा लैजान र सुशासन कायम राख्न आफू दृढ रहेको बताएका छन् । उनले भने, 'जेनजी पुस्ताले देखेका सपना पूरा गर्न म हरेक कदम चाल्नेछु ।'

प्रदेश सरकारमा मन्त्रालय भाडबन्डाको विषय पनि पेचिलो बन्ने देखिएको छ । जसपा नेपालले भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग, वाणिज्य र पर्यटन मन्त्रालयको माग गरेको छ।

अर्कोतिर जनमत पार्टीले अर्थ मन्त्रालयसहित ४ वटा मन्त्रालयमा दाबी गरेको छ । माओवादी केन्द्रले २ मन्त्रालय मागेको छ । लोसपा र नेकपा एकीकृत समाजवादीको भागमा १-१ मन्त्रालय पक्का भएको छ । प्रभावशाली मन्त्रालयमा दलहरूबिच एकातिर हानथाप चलेको छ भने अर्कोतिर जनमत पार्टीमा मन्त्री पदकै लागि प्रदेश सभा सदस्यहरूले दबाब बढाउन थालेका छन् । मन्त्री नपाए जनमत पार्टीबाट विभाजन भए बनेको जनस्वराज पार्टीमा जाने भन्दै सो पार्टीका सांसदले धम्क्याउन थालेका छन् । यी तमाम समस्या समाधान गरेर सरकारले विश्वासको मत प्राप्त गर्नु निकै चुनौतीपूर्ण देखिएको छ।






# कृषिमा एक अर्बभन्दा बढीको क्षति



• टक नेपाल

हालैको अविरल वर्षा र बाढीले महोत्तरी जिल्लाको कृषि क्षेत्रमा एक अर्ब रुपियाँभन्दा बढीको क्षति पुगेको छ । कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार बाढी, डुबान र लगातारको वर्षाले धान, उखु, तरकारी, फलफूल, दलहन र नर्सरी क्षेत्रलाई ठुलो नोक्सानी पुऱ्याएको छ ।

ज्ञान केन्द्रका प्रमुख देवानन्द रायका अनुसार जिल्लाका १४ वटै स्थानीय तहका एक हजार २२५ हेक्टरभन्दा बढी कृषि जमिनमा लगाइएको बाली पूर्ण रूपमा नष्ट भएको छ । रायले भन्नुभयो, "करिब ५७ हजार ५२७ मेट्रिक टन बाली नष्ट भएको छ, जसको बजार मूल्य लगभग ९६ करोड ५८ लाख रुपियाँ बराबर हुन्छ ।"

सबैभन्दा बढी क्षति धानबालीमा भएको छ । प्रारम्भिक तथ्याङ्क अनुसार १० हजार ५९१ हेक्टर क्षेत्रफलमा लगाइएको धान बगाएको छ । सुख्खा लामो समयसम्म पानी नपरेका कारण महोत्तरीका केवल ७७ प्रतिशत खेतमा मात्र रोपाइँ भएको थियो । त्यो पनि नष्ट हुँदा किसान थप मर्माहत बनेका छन् ।

धानपछि करिब ४३ हजार ११२ हेक्टरमा लगाइएको उखुबाली नष्ट भएको छ । यस्तै १४ स्थानीय तहमा फैलिएको एक हजार ४९० हेक्टर क्षेत्रफलको तरकारी खेतमै गलेको छ ।

कृषि ज्ञान केन्द्रका लेखा अधिकृत गोविन्द किशोर साहका अनुसार आर्थिक मूल्याङ्कनको हिसाबले सबैभन्दा धेरै करिब ४० करोड ७७ लाख रुपियाँ बराबरको उखु नष्ट भएको छ । त्यस्तै धानमा ३१ करोड ७७ लाख र तरकारीमा २१ करोड २३ हजार रुपियाँ बराबरको क्षति भएको अनुमान गरिएको छ । फलफूल, दलहन, तिल र नर्सरी क्षेत्रसमेत समेट्दा क्षतिको कुल आकलन एक अर्ब रुपियाँ नाघेको छ ।

बाढीबाट प्रभावित किसानले प्रदेश तथा सङ्घ सरकारसँग राहत र सहुलियतको माग गर्दै आएका छन् । स्थानीय तहका प्रमुखले पनि किसानलाई क्षतिपूर्ति दिन पहल भइरहेको बताएका छन् ।

## एकडारा र सम्सीका
# बाढी पीडितलाई राहत वितरण




• टक नेपाल

महोत्तरी जिल्लाको एकडारा र सम्सी गाउँपालिकाका बाढी पीडितहरुलाई राहत वितरण गरिएको छ । दुवै पालिकाका ३०८ बाढी पीडित परिवारलाई राहत वितरण गरिएको हो ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहयोग तथा एकीकृत ग्रामीण विकास समाज बर्दिबास तथा दलित उत्थान समाज महोत्तरीको समन्वयमा एकडारा र सम्सी गाउँपालिकाका बाढी पीडितहरुलाई राहत वितरण गरिएको हो । एकडारा गाउँपालिकामा २५५ घरधुरी तथा सम्सी गाउँपालिकामा ५३ घरधुरीलाई राहत वितरण गरिएको ग्रामीण विकास समाज बर्दिबासका फिल्ड अफिसर राजीवकुमार झाले जानकारी दिनुभयो ।

वडाले सिफारिस गरेका बाढी पीडितहरुलाई संस्थाका कर्मचारीहरुले जाँच पडताल गरेर वास्तविक बाढी पीडितहरुलाई मात्रै राहत वितरण गरिएको जनाइएको छ । बाढी पीडितहरुलाई सोना मनसुली चामल २५ किलो, दाल दुई किलो, खानेतेल दुई लिटर, खानेनुन एक प्याकेट, त्रिपाल दुई थान, म्याट्रेस दुई थान, कम्बल दुई थान, डोरी दुई थान, सोलार लाइटलगायतका सामग्रीहरु वितरण गरिएको छ ।

एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलको विशेष उपस्थिति रहेको राहत वितरण कार्यक्रममा वर्ल्ड भिजन इन्टरनेशनल नेपालबाट दिलीपकुमार यादव, योभेन्द्र चौधरी, विनोद थापा मगर, तारा दाहाल, एकीकृत ग्रामीण विकास समाज बर्दिबासबाट उमेश न्यौपाने, कुमार भण्डारी, ऋषि चौलागाई, दीपेश श्रेष्ठ, राजीवकुमार झा, दलित उत्थान समाज महोत्तरीबाट उत्तिमचन्द्र चौधरी, देवी निरौला, सौरभ सुमनलगायतका उपस्थिति थियो ।

राहत वितरण कार्यक्रममा मन्तव्य राख्नुहुँदै एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले बाढी र डुबानले पीडामा रहेका गाउँपालिकाका बासिन्दालाई राहत वितरण गरेकोमा संस्थालाई धन्यवाद दिनुभयो । उहाँले बाढी र डुबान पीडितहरुलाई पालिकाबाट हरसम्भव सहयोग गरिने वाचा गर्नुभयो ।

एकडारा गाउँपालिका वडा ३ अजमरपट्टीका बाढीपीडित शिवजी मण्डलले तिहारको मुखमा आएर राहत दिएकोमा खुशी व्यक्त गर्नुहुँदै बाढी आएको दशदिन भइसक्दा समेत कसैले राहत दिन नआएको बताउनुभयो ।

असोज १८ गतेदेखि २० गतेसम्म तिन दिनसम्म लगातार परेको पानीको कारण महोत्तरी जिल्लाको विभिन्न ठाउँमा बाढी र डुबानको समस्या देखिएको थियो । सदरमुकाम जलेश्वरमा बाढी आएको साता दिनसम्म पानी जमेको कारण जलेश्वर नगरपालिकाले बिदासमेत दिनुपरेको थियो ।

जिल्लामा रातो, भव्सी, जंगहा, माढा, अंकुसी, बिगही लगायतका नदीहरु भरिभराउ भई जिल्लामा बाढी र डुबानको समस्या देखिएको थियो । यता केही दिन अगाडि सेभ द चिल्ड्रेनले रातो नदीको कारण बाढी पीडित बनेका जलेश्वर नगरपालिकाका १ र ८ नं वडाका ११२ परिवारलाई राहत वितरण गरेको थियो ।

जिल्लामा बाढी र डुबानबाट महोत्तरीका जलेश्वर नगरपालिकासहित बर्दिबास, औरही, भंगाहा सीतापुर, बलवा, महोत्तरी, रामगोपालपुर, मटिहानी र सम्सीका २२८ परिवारका ८२६ जना विस्थापित थिए भने बाढीमा डुबेर जलेश्वर ६ का एक ११ वर्षीय बालकको मृत्यु भएको थियो ।


- विज्ञापन गानुपेमा
- ९८६३३२११४
- ९८०७८२११४
- दसैं तिहारमा विशेष छुट


# जनकपुरमा चल्यो गोली

जनकपुरको सोनारपट्टीमा गोली चलेको छ । एक सुनचाँदी व्यवसायीको पसलमा प्रहरी छापा मार्न पुगेको थियो । त्यस क्रममा व्यवसायीहरूले अवरोध गरेपछि प्रहरीले गोली चलाएको हो ।



व्यवसायीको अवरोधपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास समेत प्रहार गरेको छ ।

बिलबिजक बिनाको सुनचाँदी खरिद बिक्री भइरहेको भन्ने सूचनाको आधारमा प्रहरीको टोली शुक्रबार साँझ छापा मार्न पुगेको थियो ।


अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014